# " कोभिड - १९ महामारीको समयमा खुल्ला रहनु पर्ने प्रोस्थेटिक्स् ओर्थोटिक्स् क्लिनिकहरूको लागि सुझावहरू"

# कार्य दस्तावेज

कृत्रिम अँग तथा सहायक उपकरण सेवा को लागी खुल्ला रहनुपर्ने क्लिनिकहरुको लागि
कृत्रिम अँग तथा सहायक उपकरण सेवा समाज नेपाल द्वारा कृत्रिम अँग तथा सहायक उपकरणको लागी
अन्तराष्ट्रिय समाज - आई एस पि ओ (ISPO) बाट प्रकाशित सुझावहरुको

# नेपाली अनुवाद

**६ अप्रिल २०२०**

यो दस्तावेज " कोभिड - १९ महामारीको समयमा खुल्ला रहनु पर्ने प्रोस्थेटिक्स् ओर्थोटिक्स् क्लिनिकहरूको लागि सुझावहरू" यस कोभिड महामारीको समयमा पनि आवश्यक व्यक्तिहरुको लागी खुल्ला रहेर कृत्रिम अँग तथा स्वास्थ्य सहायक उपकरण सेवा प्रदान गर्न सक्षम तथा गरिरहेका स्वास्थ्यकर्मी तथा संस्थाहरुको निम्ति मार्गनिर्देशिकाको रुपमा प्रयोग गर्न सकिन्छ।

यो विश्वव्यापी प्रासंगिक दस्तावेजले सम्पूर्ण स्वास्थ्यकर्मी तथा प्रशासकहरूको लागि उपयोगी जानकारि प्रदान गर्नेछ, तर कुनै पनि स्थानीय वा क्षेत्रीय स्वास्थ्य अधिकारी तथा सरकारहरूबाट जारी गरीएका मार्गनिर्देशहरु भने समावेश गरिएको छैन। कृपया यस दस्तावेजमा रहेको जानकारिलाई तपाईंको स्थानिय तथा क्षेत्रीय अवस्थाको आधारमा प्रयोग गर्नुहोस्।

कार्य दस्तावेजको रूपमा, सुझाव तथा सिफारिशहरू, वा जानकारीकालगी अन्य प्रासंगिक लिंकहरूलाई प्रोत्साहित गरिनेछ। यस आई एस पी ओ (ISPO) ले नयाँ वा संशोधित जानकारी उपलब्ध हुने बित्तिकै अपडेटहरू जारी गर्नेछ। कृपया तपाईंको टिप्पणीहरू हामी लाई मूख्य कार्यालयको ईमेल headoffice@ispoint.org मा ईमेल गर्नुहोस्, वा यस पृष्ठको तल सूचीकृत अन्य माध्यमहरू मार्फत ISPO लाई सम्पर्क गर्नुहोस्।

यस कोभिड १९ को महामारीले स्वास्थ्य सेवा, कृत्रिम अँग तथा सहायक उपकरण स्वास्थ्यकर्मीहरुमा असाधारण रूपमा तनाव पैदा गरेको छ। यस समयमा पनि आवश्यक व्यक्तिहरुलाई सुरक्षित रूपमा निरन्तर सेवा प्रदान गरिरहने तपाईंहरुको प्रयासलाई हामी सराहना गर्दछौं।

**" कोभिड - १९ महामारीको समयमा खुल्ला रहनु पर्ने प्रोस्थेटिक्स् ओर्थोटिक्स् क्लिनिकहरूको लागि सुझावहरू"**

प्रोस्थेटिक्स् ओर्थोटिक्स् सेवा स्वास्थ्य सेवा, ईन्जिनियरिङ्ग तथा प्राविधिक कार्यान्वयन को एक अद्वितीय मिश्रण हो। यसकारण कृत्रिम अंग तथा सहायकउपकरण विशेषज्ञ (प्रोस्थेटिस्ट अर्थोटिस्ट), प्राविधिक तथा सेवाग्राहि जोखिममा पर्न सक्ने र सो जोखिम कम गर्न गाह्रो हुन सक्छ।

कोभिड – १९ भाइरसको सँक्रमण फैलनबाट रोक्ने एक मात्र उपाय भनेको आईसोलेशन मार्फत सबै किसिमको सम्पर्क रोक्नु नै हो। तर स्वास्थ्य सेवा समूह भित्र दूरी कायम गरी सबै किसिमको सम्पर्क रोक्नु पूर्ण सम्भव छैन। त्यसकारण, स्वास्थ्यकर्मी तथा व्यक्तिहरूले संक्रमण कम गर्न रणनीतिहरू प्रयोग गर्नुपर्दछ तर व्यक्ति र उपकरणहरूको साथ सम्पर्कको संख्या, तीव्रता र अवधिलाई सिमित गर्नु पर्छ भन्ने छैन।

स्थापित प्रमाण-आधारित दिशानिर्देशहरूको अभावमा यो दस्तवेजका सुझावहरू प्रदान गरिएकोछ। त्यसकारण यो जानकारी यस कोभिड – १९ तथा अन्य रोगको प्रकोपको क्लिनिकल अनुभवको सल्लाह र सुझावको प्रतिनिधित्व गर्दछ । यस दस्तावेजलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्देशिकाहरूमा समावेश गर्न सकिने कार्य सूचीको रूपमा लिनुपर्दछ तर स्थापित गरिएको प्रोटोकलको प्रतिस्थापनको लागी भने होईन भन्ने बुझ्नुपर्दछ।

कार्यक्षेत्रमा निर्दिष्ट निर्देशन वा अनुदेश नभएकाहरुको लागि, स्रोतहरूको सूची यस दस्तावेजको अन्तमा समावेश गरिएको छ, विश्व स्वास्थ्य संगठनको सल्लाह सिफारिस सहित (बिश्व स्वास्थ्य संगठन- कोरोना भाईरस रोग (कोभिड १९) प्रकोपबाट -आफैलाई संरक्षण गर्नुहोस्) स्थानीय अधिकारीहरूबाट जारी रोकथामका उपायहरू पनि संलग्न गरिएको तर यसैमा सीमित भने गरिएको छैन।

कृत्रिम अंग तथा स्वास्थ्य सेवा सहायक उपकरण केन्द्रमा सबै कर्मचारी, सेवाग्राहि र हेरचाहकर्ताहरुको उपस्थिति कम गर्नु पर्दछ। यदि कुनै आवश्यक सेवाग्राहिले समय लिएको वा निर्धारण गरेको छैन भने सो दिनहरुमा क्लिनिक भवनहरू बन्द गर्नुपर्नेछ। ह्यान्ड-अन वा प्राविधिक कार्यको आवश्यक नपर्ने स्क्रीनिंग, परामर्श वा अन्य अन्तर्क्रिया गर्दा भिडियो कन्फेरेन्स कन्सल्टेशन (टेलि रिहाबिलिटेशन, डेस्कटप कन्फरेन्सिंग जस्तै स्काइप, फेसटाइम, व्हाट्सएप) मा सेवाग्राहि संग कुरा गर्न सकिन्छ।

कोभिड – १९ लक्षणहरू देखापरेका वा संक्रमणको निश्चित निदान गरेको व्यक्ति घरमा बस्नु पर्छ। भाइरस प्रसारणको सम्भावना हुने भएकोले यदि "आवश्यक" अपोइन्टमेन्ट नै छ भनेपनि पर्खनुपर्दछ।

निम्न सुझावहरू कोभिड – १९ महामारीको समयमा जोखिम कम गर्न मद्दत गर्ने अभ्यासहरूको संकलन हो।

## शुरु गर्नु अघि

सबै स्वास्थ्य सेवा व्यवसायीहरूले सेवाग्राहिहरुको उपचार को साथसाथै कुनै कार्यहरू गर्दै गर्दा, समायोजन, मर्मत, वा सहायक उपकरणहरूमा संशोधन गर्नु पर्दा (डब्ल्यूएचओ) को मानक सावधानीहरू को प्रयोग गर्नुपर्दछ। कोभिड – १९ महामारी र अन्य संक्रामक रोग प्रकोप जस्ता असाधारण परिस्थितिहरूमा, सबै कर्मचारीहरूले, उनीहरूले सेवा प्रदान गर्ने व्यक्ति, सेवाग्राहि र वृहतररूपमा समुदायमा संक्रमणबाट सुरक्षाको लागि उन्नत उपायहरू कार्यान्वयन गर्नुपर्दछ।

जोखिम कम गर्न व्यक्तिले (CDC) प्रसारणमा आधारित सावधानी अपनाउनु पर्छ। डब्ल्यूएचओ का अनुसार कोभिड – १९ सम्पर्क तथा खोक्दा र हाछ्यूँ गर्दा निस्कने थोप्लाहरु एकबाट अर्कोमा प्रसारणहुने मुख्य माध्यम हो। सबै कर्मचारीहरूले स्वच्छता र व्यक्तिगत सुरक्षात्मक उपकरणहरूको प्रयोगको लागि प्रक्रियाहरू जस्तै हात धुने, मास्कको प्रयोग, र सान्दर्भिक व्यक्तिगत सुरक्षात्मक उपकरण (पी पी ई) हरू प्रयोग गर्ने कुराको समीक्षा र अनुसरण गर्नुपर्दछ तर यसैमा मात्र सिमित नभई अरु कुरापनि लागू गर्नसकिन्छ।

सबै कार्यस्थल (क्लिनिक) हरू यस दस्तावेजमा उल्लेख गरिएअनुसार तयार गर्नुहोस्। सेवाग्राहि तथा बिरामीलाई बोलाउँदा प्रतीक्षालयमा कुर्नु पर्ने समयलाई न्यून गर्नुहोस् तर लामो समय कुर्नु परेको अवस्थामा भने उनीहरू भवनमा प्रवेश गर्नु अघि (जस्तै उदाहरणका लागि पालो नआएसम्म आफ्नै गाडीमा पर्खाउनुहोस्) । जुत्तामा संक्रमण  कम गर्न , भुईं, कार्पेट, मैट वा रगहरूमा ब्लीचको झोल स्प्रे गर्न सकिन्छ ।

**<u>प्रशासनिक कर्मचारी</u>**

- जो कोही भवनमा प्रवेश गर्दा पनि प्रोटोकल अनुसरण  गरेको सुनिश्चित गर्नुहोस् -
  - सबैजनाले प्रोटोकल अनुशरण गरेको खण्डमा मात्र प्रसारण नियन्त्रण प्रक्रियाहरूले काम गर्दछ ।
  - कर्मचारीहरूमा , ज्वरो, खोकी, सास फेर्न गार्हो हुने र/वा पखाला लागेको जस्ता  लक्षणहरू छन् भने जोड काममा आउन नहुने कुरामा जोडदिनुहोस् ।
- प्रत्येक सेवाग्राहिलाई उनीहरूको निर्धारित समय अघि टलिफोन मार्फत सम्पर्क गर्नुहोस्
  - गैर-आवश्यक अपोइन्टमेन्ट (भेट) हरू स्थगित गर्नुहोस् ।
  - यदि सेवाग्राहि वा हेरचाहकर्तासँग ज्वरो, खोकी, वा सासफेर्न गार्हो जस्ता लक्षणहरू छन् भने अपोइन्टमेन्टहरू रद्द गर्नुहोस् ।
  - यदि सेवाग्राहीहरु "जोखिमयुक्त" (६० बर्ष उमेर भन्दा बढी भएका, प्रतिरक्षात्मक शक्ति कम भएका, मधुमेह, उच्च रक्तचाप, हृदय रोग, मृगौला असफलता, इत्यादि) छ भने  उपकरण मर्मत को लागी साथी / आफन्त वा हेरचाहकर्ताले उपकरण मात्रै क्लिनिकमा ल्याउन सक्छ कि सकिन्न निर्धारण गर्ने ।

- यदि व्यक्ति प्रोस्थेटिक्स् तथा ओर्थोटिक्स् क्लिनिकमा जानै पर्ने अवस्था छ भने, तिनीहरूलाई संक्रमणबाट जोगाउने र क्लिनिकमा बिताउने समय कम गर्ने अग्रिम तयारी गर्नुहोस्।
    - सेवाग्राहिहरू क्लिनिकमा आउंदा यदि सम्भव छ भने एक्लै, वा साथी आउनै परे अन्य एकजना व्यक्तिमा मात्र सिमित गर्नुहोस्।
    - सेवाग्राहिहरूलाई क्लिनिकमा अपोइन्टमेन्टको लागी आउनु अघि उनीहरूको उपकरणहरू सरसफाई गर्न निर्देशन दिनुहोस्।
    - भवनमा कुर्नु पर्ने समय कम गर्न चाँडै आएर बस्न नभन्ने।
    - जोखिमको आधारमा उपयुक्त व्यक्तिगत सुरक्षात्मक (पि पि ई) उपकरणको प्रयोग गर्नुहोस्।
    - बारम्बार हात धुनुहोस् र /वा हातमा सेनिटाइजर प्रयोग गर्नुहोस्।
    - स्वास्थ्यकर्मीसँग हात नमिलाउन भन्नुहोस्।
    - लामो रमाइलो र कथाहरू साटासाट नगर्नुहोस्। कृत्रिम अँग तथा सहयक उपकरण (प्रोस्थेटिक्स् अर्थोटिक्स्) सम्बन्धि आवश्यक सेवा को बारे मा अत्यावश्यक कुराकानीमा मात्र समय सीमित गर्नुहोस् ।

- सेवाग्राहिहरूको लागि योजना: प्रत्येक सेवाग्राहिको सम्पर्क आउनु अघि र पछि
    - सबै सिटहरू २ मीटर (७ फिट) टाढा राख्नुहोस्।
    - लबी, प्रतीक्षालय, कुर्सी, रिसेप्सन अगाडीको डेस्क, विरामी जाँच / परिक्षण कोठा, बाथरूम, आदि सबै स्थानका भुईंहरू सेनिटाईज गरि सफा गर्नुहोस्।
    - सबै ढोकाका हैन्डलहरु, धाराहरु, शौचालयहरु, ह्यान्डलबारहरु, डेस्कहरु, इत्यादि, हरेक प्रयोग पछि सेनिटाईज गरि सफा गर्नुहोस्।
    - सबै स्टाफले कुनै पनि सेवाग्राहिको सम्पर्क अघि वा पछि हात धुने वा सेनिटाईज गर्नै पर्छ (करीव २० सेकेन्डसम्म साबुनले धुनुहोस्)।

- प्रतीक्षालय र उपचार क्षेत्रबाट सबै गैर-आवश्यक वस्तुहरू हटाउनुहोस् (जस्तै, खेलौना, म्यागजिनहरू, आदि)।

- भवनमा प्रवेश गरेपछि -
  - सेवाग्राहिमा लक्षणहरु छ कि छैन फेरि सोध्नुहोस्।
  - लक्षण देखिएका सेवाग्राहिहरू को हकमा मुख र नाक ढाक्न मास्क प्रदान गर्नुहोस्। प्रयोग गर्ने उचित प्रक्रिया सिकाउनुहोस् / निर्देशन प्रदान गर्नुहोस्।
  - यदि लक्षण देखिएका सेवाग्राहिहरूलाई अत्यावश्यक रुपमा भेट्नै पर्ने अवस्थामा बाहिर पर्खाउनुहोस् अन्यथा, तिनीहरूलाई प्राथमिक हेरचाह प्रदायकको भेट गराईहाल्नु होस्।
  - सबैलाई हात धुन दिनुहोस् / सेनिटाईज गर्नदिनुहोस्
  - उपकरणहरू, ह्वीलचेयर, वैशाखीलाई स्यानिटाइज गर्न सरसफाई का उत्पादनहरू उपलब्ध गराउनुहोस्।
  - हस्ताक्षर गर्दा , लेख्दा आगन्तुकहरु/ सेवाग्राहिहरू बीच एउटै कलम, क्लिपबोर्ड, इत्यादि को साटासाट नगर्नुहोस्, वा सेवाग्राहिहरू बीच कलम सानिटाईजरले सफा गर्नुहोस्।
  - प्रतीक्षा समय कम गर्न प्रयास गर्नुहोस्।
  - सेवाग्राहिहरुलाई सिधै उपचार कोठामा ल्याउन कोशिस  गर्नुहोस्।
- सेवाग्राहि सबै फर्के पश्चात फेरि ढोकाका हैन्डलहरु, धाराहरु, शौचालयहरु, ह्यान्डलबारहरु, डेस्कहरु, इत्यादि, सबै उस्तै प्रक्रियाहरू पालना गरि सफा गर्नुहोस्।

**कृत्रिम अँग तथा सहयक उपकरण (प्रोस्थेटिक्स् अर्थोटिक्स्) प्राविधिक वातावरण मा काम गर्दा** -

- सहायक उपकरणहरू अन्य कर्मचारीलाई हस्तान्तरण गर्नु अघि वा नयाँ क्षेत्रमा ल्याउन अघि सफा गर्नुपर्दछ
- प्राविधिकहरु (२ मिटर (७ फिट) को दूरी) भित्र सामाजिक दूरी कायम गरि काम गर्नु पर्दछ।
- आफ्नै कपडामाथि ताजा/सफा ल्याब कोट वा एप्रोन लगाउनुहोस्। आदर्शत, एक डिस्पोजेबल अभेद्य (छिद्र नभएको) गाउनको प्रयोग गर्नुहोस्।
    - खाना खानु अघि, बाथरूमको प्रयोग गर्नु भन्दा पहिले, प्रयोगशाला छोड्नु अगाडि व्यक्तिगत सुरक्षा उपकरणहरू खोल्नुहोस्।
    - प्रत्येक दिनको प्रयोग पछि, कपडा साबुन र तातो पानीमा धुनुहोस्।
- कुनै पनि कार्य वा मर्मतमा संलग्न हुनु अघि -
    - एक कार्यस्थान निश्चित गर्नुहोस् जहाँ व्यक्ति र उपकरणहरु संक्रमित हुने संयोग न्यून रहोस् र सतह/ भुईंहरू सफा गर्न सजिलो होस्।
    - छिद्र नभएको बस्तुको टेबुल (माथिको टप), आवतजावत कम हुने स्थान (कोहि व्यक्ति तथा कर्मचारीहरू नियमित रूपमा हिंड्डुल गर्नु नपर्ने स्थानमा ) राख्नुहोस्।
    - अनावश्यक औजार, उपकरण, कच्चा पदार्थ/ पार्टपूर्जा (कम्पोनेन्ट) हरु दूषित हुनबाट जोगाउन टेबुलको माथि/ वरिपरि भण्डार गरिएको ठाउँबाट हटाउनुहोस्।
    - सफा गर्न सजिलो हुने सामान्यतया प्रयोग हुने औजार तथा उपकरणहरूको सेट तयार गर्नुहोस्। यो राख्ने स्थान तय गर्नुहोस् र सबै प्रयोग पछि सफा गर्नुहोस्।
        - छिद्र नभएको राम्रो अवस्थामा रहेको ह्यान्डल/ग्रिप्सको भएको राम्रो कार्य गर्ने उपकरणहरू मात्र प्रयोग गर्ने(जस्तै, काठका ह्यान्डलहरू वा घिस्रे बिग्रेको (Frayed grips) ह्यान्डल प्रयोग नगर्ने)।

- कुनै पनि दुई उपकरण /कामहरु सम्पर्कमा नआउने गरि कार्यक्षेत्र व्यवस्थित गर्नुहोस् ।
- सम्भव भएसम्म मर्मत वा समायोजनका लागि आवश्यक सामग्री र पार्टपुर्जा (कम्पोनेन्ट)हरू काम शुरु गर्नु अगावै पहिचान गरिनु पर्छ र अलग्ग राखि तयार राख्नुपर्दछ ।
- यदि अतिरिक्त समान, उपकरण तथा कम्पोनेन्टहरू आवश्यक परेको खण्डमा सहायक उपकरणको सम्पर्कमा नआएका दोस्रो टोली सदस्यले आवश्यक सामग्री वा पार्टपुर्जा परिपूर्ति गर्नुपर्दछ । यसले स्रोत र सामानहरूको एक आपसबाट हुने संक्रमणबाट जोगाउने गर्दछ ।
- अनियमित सतहहरू (irregular surfaces) सहितका सहायक उपकरणहरूलाई सफा गर्नुको अतिरिक्त सेनिटाइजर समेत छर्कनु पर्दछ ।
- नरम र छिद्र भएका समाग्रीहरू प्रभावकारी रूपमा सफा गर्न बढी गाह्रो हुन्छ त्यसैले उपकरण सफा गरिए पछि पनि संक्रमणलाई न्यून बनाउन मर्मतको योजनाको लागि अतिरिक्त सावधानी अपनाउनु पर्दछ।
- सबै कर्मचारीहरूले आफ्ने हात धुनु पर्दछ (लगभग २० सेकेन्डको लागि साबुनले धुनुहोस्), काम गर्ने स्थानको सतह/भुईं र औजारहरू कीटाणुरहित गर्नुहोस्, र त्यसपछि पुनः आफ्नो हात दोहोर्याएर धुनु होस्।
- प्रत्येक कामको लागि डिस्पोजेबल पञ्जाको नयाँ जोडी प्रयोग गर्नुहोस् ।
- उपकरणहरू सफा गर्नको लागी लिइसकेपछि जति सक्दो चाँडो राम्ररी सफा गर्नुहोस् ।
    - उपकरण सफा गरेपछि फेरि हात धुनुहोस् ।

- मर्मत वा समायोजनमा काम गर्दा -
    - कुनै पनि काम सुरु गर्नु अघि सहायक सामाग्री/ उपकरणहरू सफा गरिएको सुनिश्चित गर्नुहोस् ।
    - मेशिन कोठा, भ्याकुम प्रणाली, र विध्युतिय औजारहरु सफा गर्न गाह्रो छ। यद्यपि क्षेत्रहरू / उपकरणहरूमा संक्रमणको जोखिम कम गर्न जति सकिन्छ राम्रो सँग यी चीजहरूलाई सफा गर्नुपर्दछ ।

- यदि सम्भव छ भने, सम्पर्कमा आएका उपकरणहरू १ राउटर र १ सेट आर्वोर्स -ग्राईण्डिङ्ग ह्वीलस्, ग्राईण्डिङ्ग कोन ( arbors (grinding Wheels), Grinding Cone ) अलग्गै राख्नुहोस् ।
- कुनै पनि प्रोजेक्टमा काम गर्नु अघि आफ्नो हात तथा उपकरणहरू सानिटाइज गर्नुहोस् ।
- सहायक सामाग्री/ उपकरणहरूलाई हातले मात्र छुने प्रयास गर्नुहोस् (उदाहरणका लागि, लिवरेज खोज्ने / अडेस लिने क्रममा सम्पूर्ण हात पाखुरा वा शरीरको सम्पर्कलाई बचाउनुहोस्)
- कुनै उपकरण प्रयोग वा ह्यान्डल गरिसकेपछि काम पूर्ण नभएसम्म र उपकरण सफा नगरेसम्म उपकरणलाई अरूबाट टाढा राख्नुहोस्।

- सहायक उपकरण प्रयोगशालाबाट पठाइसकेपछि
  - हात धुनुहोस् ।
  - काम गरेको स्थानको सतह/भुईं र प्रयोग गरिएका सबै उपकरणहरू सानिटाइज गर्नुहोस् ।
  - फेरि हात धुनुहोस् ।
  - पुरै दिन प्रत्येक काम गर्दा यो प्रकृया दोहोर्याउनुहोस् ।
- *कृपया ध्यान दिनुहोस् कि यी सिफारिशहरू कम जोखिम बिरामीहरूका लागि हो। उच्च जोखिम वा संक्रामण भएका बिरामीहरूलाई थप सावधानीहरूको खाँचो हुन्छ किनकि राउटर वा ट्राउटमैन / ड्रम स्यान्डर जस्ता उपकरणहरूको प्रयोगले भाइरसलाई वातावरणमा फैलाउन सक्छ।*

**<u>क्लिनिकल सेटिंग मा काम गर्दा -</u>**

- महामारी समाप्त नभएसम्म सेवाग्राहिलाई अपोन्टमेन्ट दिंदा संख्या र जटिलता कम गर्ने लक्ष्य राख्नुहोस् ।
  - गैर-आवश्यक भेटघाटहरू स्थगित गर्नुहोस् ।
  - आवश्यकताको साथ सेवाग्राहिहरूसँग अन्तर्क्रिया गर्ने समयलाई न्यून गर्नुहोस् ।

- हात सफा राख्ने बानि गर्नुहोस् ।
  - प्रत्येक सेवाग्राहिको आगमण अघि र पछी हात धुनुहोस् ।
- सेवाग्राहि आएको समयमा
  - हात नमिलाउने वा अंगालो नहाल्ने ।
  - "सुरक्षित" दूरीबाट समेत लामो वार्तालाप नगर्ने ।
  - सेवाग्राहि वा उपकरणको सम्पर्कमा जाँदा पन्जा लगाउनुहोस् ।
  - ध्यानपूर्वक उपकरणहरू चलाउनुहोस् र सम्भव भएसम्म केवल हातले उपकरणसँग सम्पर्क बनाउनुहोस्, (उदाहरणका लागि, तपाईंको शरीरलाई यन्त्रको उपयोग गर्न वा आड दिन प्रयोग नगर्नुहोस्) ।
- सहायकउपकरण समायोजन / मर्मत गर्दा
  - कलम, ईन्ची टेप/ फुट तथा अन्य औजारहरूको प्रयोग उपलब्धता अनुसार एकपटक मात्र प्रयोग गर्ने गर्नुहोस् ।
  - एक पटक भन्दा बढी प्रयोग भएक सबै वस्तुहरू प्रयोग गर्नु अघि र पछि सानिटाइज गर्नुहोस् (उदाहरणका लागि कलम, औजारहरू, मापन उपकरणहरू)
- कृत्रिम अँग तथा सहायक सामाग्रीमा काम गर्दा
  - माथि कृत्रिम अँग तथा सहायक उपकरण (प्रोस्थेटिक्स् अर्थोटिक्स्) प्राविधिक वातावरण मा सूचीबद्ध सबै प्रोटोकलहरूको पालना गर्नुहोस् ।
  - कृत्रिम अँग तथा सहायकउपकरणसफा गर्नु अघि र पछाडि हात धुनुहोस्
  - सेवाग्राहि नियुक्ति वा मर्मतमा सहायकहरू, प्राविधिकहरू र अन्य कर्मचारीहरूको सहभागिता न्यूनतम भए पनि उनीहरूले समेत समानरुपमा प्रोटोकलको पालना गरेको सुनिश्चित गर्नुहोस् ।

- उपचार कोठामा फर्कनु अघि
  - कृत्रिम अँग तथा सहायकउपकरणपूर्ण रूपमा सानिटाईज् गरेको सुनिश्चित गर्नुहोस्।
  - आफ्नो हात फेरि धुनुहोस्।
  - तपाईंको सुरक्षात्मक दूरी राख्न सम्झनुहोस्, सेवाग्राहिसँगको भेट छोटो राख्नुहोस्, र हरेक भेट पछि हात र उपचार कोठा धुनुहोस्।

**<u>सानिटाईज र सफा गर्दा</u>**

- अमेरिकाको वातावरणीय संरक्षण एजेन्सीसँग कीटाणुनाशकहरूको एक सूची छ जुन खुला रहनु पर्ने केन्द्रहरूको लागि सफाई आपूर्तिको पहिचान गर्न उपयोगी हुन सक्दछ। (EPA - SARS-CoV-2 बिरूद्ध प्रयोगको लागि किटनाशकहरू)

- यदि पूर्व तयारी एकल प्रयोग कीटाणुनाशक वाइपहरू उपलब्ध छैनन् भने १०% ब्लीचको झोल विकल्पको रुपमा प्रयोग गर्न सकिन्छ।

- एक पटक टालोमा ब्लीचको झोलले भिजाइसकेपछि सबै सतह/भुईंहरू राम्रोसँग सफा गर्नुहोस् र एक पटक प्रयोग गरिसके पछि सो टालो सहि तरिकाले बिसर्जन गर्नुहोस्।

- सेवाग्राहिहरूले प्रयोग गर्नु अघि सतहहरू पूर्ण रूपमा सुक्न दिनुहोस्।

- हात सेनिटाइजरमा कम्तिमा ६०% isopropyl alcohol (आइसोप्रोपेल अल्कोहल) समावेश हुनुपर्दछ। तपाईं आफै पनि यो बनाउन सक्नुहुन्छ। (हात सेनिटाइजर कसरी बनाउने)

## उपोयोगी लिङ्कहरु

- American Orthotic Prosthetic Association - COVID-19 Response and Resources
- Australian Orthotic Prosthetic Association - What-does-it-mean-for-orthotistprosthetists
- Disasterready.org - Coronavirus (COVID-19) Learning Resources
- International Working Group on the Diabetic Foot (IWGDF) – COVID-19 and diabetic foot desease
- American Association on Health and Disability- Resources for People with Disabilities on COVID-19
- Beneficial designs- Wheelchair and Assistive Technology Users
- International Rehab Forum Acute Care Hospital Rehab for COVID-19

- अशक्त व्यक्तिहरुको लागि सिफारिसहरुको साथ कोभिड १९ को वारेमा परिचयात्मक भिडियो
    - अँग्रेजी र स्पेनिश उपशीर्षकको साथमा अडियो वर्णन गरिएको पोर्तुगाली मूल भिडियोको संस्करणहरु। साँकेतिक भाषाको प्रयोग ब्राजिलियन साँकेतिक भाषाको लागि हो।

○ Portuguese: Original in Portuguese with audio description
○ English subtitles: An introductory video about COVID-19 with recommendations for persons with disabilities
○ Spanish subtitles: An introductory video about COVID-19 with recommendations for persons with disabilities

- Orthopadie Technik -Aktuelle informationen zum thema COVID-19
- Orthotic & Prosthetic Educators Network (of America)
    - **OPEN COVID-19 Resource**

- Pacific Disability Forum COVID- 19 Update Human Rights Based Approach Guideline
- Statement from the President and Members of the National Executive Committee of the British Society of Gerontology on COVID-19
- Toward a Disability-Inclusive COVID19 Response: 10 recommendations from the International Disability Alliance

# आभार

यस कोभिड १९ को महामारी फैलिएको अवस्थामा कृत्रिम अंग तथा सहायक उपकरण सेवाको आवश्यकता भएका सेवाग्राहीहरुको निम्ति सेवा सुचारु गर्नु को विकल्प छैन। यो सेवा दिर्घकालिन अपांगता भएका व्यक्ति हरुलाई मात्र नभई अस्पतालमा हाड जोर्नी तथा नसा को रोग तथा समस्याहरुको उपचारको निम्ति साथै अरु कुनै पनि अवस्थामा अपांगता रोकथाम तथा शारिरिक पूनर्स्थापना समेतको लागी अति आवश्यक हुने भएकोले प्रतिकूल अवस्थामा समेत सेवा प्रदान गर्नुपर्ने हुन्छ। कृत्रिम अंग तथा सहायक उपकरण को लागि अन्तराष्ट्रिय समाज ( आई एस पी ओ ) द्वारा प्रकाशित दस्ताबेज दस्तावेज " कोभिड - १९ महामारीको समयमा खुल्ला रहनु पर्ने प्रोस्थेटिक्स् ओर्थोटिक्स् क्लिनिकहरूको लागि सुझावहरू" यस सेवामा संलग्न स्वास्थ्यकर्मी, अन्य प्राविधिक तथा सेवाग्राहीहरुलाई संक्रमण बाट जोगाउन अति नै आवश्यक रहेको महशुस गरि नेपालको परिस्थिति अनुरुप सबैले बुझेर आ आफ्नो कार्यस्थल मा लागू गर्न सकुन भन्ने उदेश्यको साथ कृत्रिम अंग तथा सहायक उपकरण सेवा समाज नेपालको कार्य समितिले नेपाली मा अनुवाद गरि यहाँहरु को समक्ष यो दस्तावेज ल्याएको छ।

यो दस्तावेजको अनुवादको निम्ति पहल गरि पूर्ण रुपमा अनुवाद गरिदिनु भएको मा यस समाजका अध्यक्ष्य श्री अमित रत्न बज्राचार्य तथा दस्तावेज को अनुवादको लागि सहर्ष स्वीकृति प्रदान गरिदिनु भएको मा आई एस पी ओ मुख्य कार्यालय प्रति हामी कृतज्ञ छौं। साथै हरेक क्रियाकलापमा सबै कार्य समिति का सदस्यहरुको तदारुकता र सहयोग पनि सर्हानिय छ। यो विश्वव्यापी प्रासंगिक दस्तावेजलाई स्थानिय तथा क्षेत्रीय अवस्थाको आधारमा प्रयोग गरि सँक्रमणको जँजाल तोड्न मद्दत गर्नुहुनेछ भनि विश्वास गरेका छौं । यस जोखिमयुक्त परिस्थितिमा समेत सुरक्षित रूपमा निरन्तर सेवा प्रदान गरिरहने तपाईंहरुको प्रयासलाई हामी सराहना गर्दछौं। धन्यवाद ।

कृत्रिम अंग तथा सहायक उपकरण सेवा समाज नेपाल
महाराजगंज काठमाण्डौ
२०७७ /०४/ ३०